ब्रिटिश गोर्खा नेपाल British Gurkhas Nepal

# गोर्खाली खबर

Gorkhali Khabar

भू.पू.गोर्खाकालागि समाचारपत्र | Newsletter for ex-British Gurkhas

अङ्क ६, मार्च २०२२ Edition 6, March 2022



Namaskar sabai Pathak haru lai. In this edition it gives me great pleasure to announce that the 218 new Trainee Riflemen of Recruit Intake 22 have been successfully enlisted into the British Army.

Thanks must first go to the Recruit Cell of British Gurkhas Pokhara (BGP), who have worked extremely hard this past year, adapting to Covid-19 surges, and the uncertainty of what lay ahead, to deliver a Gurkha Selection of the highest calibre.

Our traditional Advertising and Registration phases were halted when Nepal went into a strict lockdown. However, with our highly-competent team ready to adapt, an online registration system was devised to enable over 11,000 potential recruits to register without breaching Nepali national movement restrictions and ensuring we kept the Nepali people safe. This set us up perfectly to conduct Regional Selection in BGP to filter and call-forward only the best applicants to Central Selection.

Although challenging it has been a successful year. We remain committed to our recruiting mantra of “free, fair, and transparent”. We look forward to selecting the very best candidates for Recruit Intake 23 from what we anticipate to be the largest cohort of successfully registered potential recruits from all corners of Nepal.
Jahan Icha Teha Upaya!
Jai British Gurkhas Nepal!

Deputy Recruiting Officer, BGP



सबै पाठकहरूलाई नमस्कार | यस अंशमा रेक्रुट इन्टेक २२ अन्तर्गत २१८ नयाँ शिकारू राइफलम्यानहरू ब्रिटिश आर्मीमा भर्ती भएको घोषणा गर्नु पाउँदा धेरै खुशी लागेको छ |
पहिलो धन्यवाद ब्रिटिश गोर्खा पोखरा (बि.जी.पी) को रेक्रुट सेल लाई जानुपर्दछ, जसले गएको वर्ष धेरै परिश्रमीपूर्वक काम गरेको छ, कोभिड-१९ को बृद्धिसँगै समायोजन गर्दै, भाबि समयको अनिश्चितता का बाबजुद उत्कृष्ट स्थरमा गोर्खा छनौंट सफलतापूर्वक सम्पन्न गरेको छ |
नेपालमा कडा लकडाउन लागु हुँदा हाम्रो सधैं झैं हुने विज्ञापन र रेजिष्ट्रेशनमा असर परेको थियो | यद्यपी, हाम्रो धेरै सक्षम समूहले यससँगै समायोजन गर्दै नेपालको नियम उल्लङ्घन नहुने गरी र नेपालीहरूको सुरक्षा सुनिश्चित गर्दै ११ हजार भन्दा बढी सम्भावित रेक्रुटहरूलाई रेजिस्टर गर्न सम्भव बनायो | यसले हामीलाई बि.जी.पी मा क्षेत्रीय छनौंट संचालन गरी केन्द्रीय छनौंटको लागि उत्कृष्ट निवेदकहरूलाई मात्र बोलाउन सजिलो बनायो |

यस वर्ष चुनौतीपूर्ण भएतापनि सफल रह्यो | “नी: शुल्क, निष्पक्ष र पारदर्शी” भन्ने हाम्रो मन्त्रप्रति हामी प्रतिबद्ध छौं | अब हामीले आशा गरे झैं नेपालको सबै कुनाका ठाउँहरूबाट दर्ता गरी आउने सबैभन्दा ठूलो सम्भावित रेक्रुटहरूको समूहबाट रेक्रुट इन्टेक २३ अन्तर्गत सबैभन्दा उत्कृष्टहरूको छनौंट गर्नु हामी उत्सुक छौं |

जहाँ इच्छा त्यहाँ उपाय
जय ब्रिटिश गोर्खा नेपाल

डेपुटी रेक्रुटिङ अफिसर, बि.जी.पी

## महासेनानी कमान्डेन्ट ब्रिगेड अफ गोर्खाद्वारा नेपालका राष्ट्रपति समक्ष वार्षिक प्रतिवेदन पेश

रथी रिचर्ड वार्डलअ ओ.बि.इ महासेनानी कमान्डेन्ट ब्रिगेड अफ गोर्खाद्वारा २५ फेब्रुअरीमा सम्माननीय नेपालका राष्ट्रपति विद्या देवी भण्डारीलाई ब्रिगेड अफ गोर्खाको वार्षिक प्रतिवेदन पेश गरियो | प्रतिवेदनमा यस वर्षमा ब्रिगेड अफ गोर्खाका फौज सामेल भएका गतिविधिहरू उल्लेखित छन् | माननीय नेपालका लागि बेलायती राजदूत निकोला पोलिट; सहायक रथी माननीय लोर्ड लनकास्टर टि डी भी आर, सहायक महासेनानी कमान्डेन्ट ब्रिगेड अफ गोर्खा; महासेनानी पल स्मिथ, रक्षा सहचारी तथा कमाण्डर बि.जी.एन, महासेनानी डेभिड रबिन्सन महासेनानी ब्रिगेड अफ गोर्खा र सेनानी कमल गुरुङ्ग ए.एम.ए प्रतिवेदन पेश गर्ने कार्यक्रममा उपस्थित थिए |



नेपाल भ्रमण र विभिन्न महत्त्वपूर्ण कार्यक्रममा सहभागी हुन आएको उच्च-स्थरीय टोलीले सोहि दिन सम्माननीय प्रधानमन्त्री शेर बहादुर देउबा, माननीय वैदेशिक मामिला मन्त्री डा. नारायाण पाण्डे र प्रधानसेनापति नेपाली सेना महारथी प्रभु शर्मासँग पनि शिष्टाचार भेट गरेको थियो | भ्रमण टोली २०-२५ फेब्रुअरी बीच यी गतिविधी बाहेक नेपाल-स्थित् भूतपूर्व गोर्खा सैनिक संस्था 'रेजिमेन्टल अशोसिएसन नेपाल' (Regimental Association Nepal (RAN)) का प्रतिनिधिहरूसँग छलफल, गोर्खा वेलफेयर ट्रष्टद्वारा संचालित काठमाडौं, कास्की, लमजुङ्ग, गोर्खा लगायतका जिल्लाहरू स्थित् वेलफेयर सेन्टरका कार्यक्रमहरू मा सहभागी भएका थिए |





# रेक्रुट इन्टेक २२ प्रमाणीकरण
# गोर्खा भर्ती २२

कठीन छनौंट प्रक्रियापछि २१८ नयाँ रेक्रुटहरू 'रेक्रुट इन्टेक २२' अन्तर्गत ब्रिटिश आर्मी ब्रिगेड अफ गोर्खामा भर्ती भएका छन् | २३ फेब्रुअरीमा ब्रिटिश गोर्खा पोखरामा आयोजित प्रमाणीकरण परेडको क्रममा उनीहरूले महारानी एलिजाबेथ द्वितीय प्रति आफ्नो निष्ठाको सपथ लिए |



माननीय नेपालका लागि बेलायती राजदूत निकोला पोलिट; रथी रिचर्ड वार्डलअ ओ.बि.इ महासेनानी कमान्डेन्ट ब्रिगेड अफ गोर्खा; सहायक रथी माननीय लोर्ड लनकास्टर टि डी भी आर, सहायक महासेनानी कमान्डेन्ट ब्रिगेड अफ गोर्खा; महासेनानी पल स्मिथ, रक्षा सहचारी तथा कमाण्डर बि.जी.एन र महासेनानी डेभिड रबिन्सन महासेनानी ब्रिगेड अफ गोर्खा द्वारा रेक्रुटहरूको प्रमाणीकरण लिइएको थियो | कार्यक्रममा मुख्य अतिथि मध्ये नेपाली सेनाबाट प्रतिनिधि सहायक रथी शुदर्सन सिलवाल र स.प्र.ना. महानिरीक्षक शसस्त्र प्रहरी बल दिबेश लोहनी हुनुहुन्थ्यो | ब्याण्ड अफ ड ब्रिगेड अफ गोर्खाको उत्कृष्ट प्रदर्शनको तालमेलमा परेड संचालन तथा समापन भएको थियो |





# Recruit Intake 2022



# बेलायती रक्षा बाट नेपाली सेनालाई कोभिड-१९ सहयोग सामाग्री प्रदान




ब्रिटिश सेनाद्वारा नेपाली सेनालाई पहिले प्रतिज्ञा गरेको कोभिड-१९ नियन्त्रणमा आवश्यक सहयोग सामग्री २० डिसेम्बर २०२१ मा बेलायतबाट काठमाडौं आइपुग्यो | रोयल एयर फोर्स (आर.ए.एफ) सी-१७ को ढुवानी मार्फत आएको सो सामग्री महासेनानी पल स्मिथ, रक्षा सहचारी तथा कमाण्डर बि.जी.एन द्वारा नेपाली सेनाको प्राविधिक तर्फका महासेनानी डा. मुन थापालाई त्रिभुवन विमानस्थलमा हस्तान्तरण गरिएको थियो | सहयोग सामग्रीमा पी.सी. आर जाँच गर्ने यन्त्र लगायत २५ ओच्छ्यानलाई पुग्ने कोभिड-१९ सम्बन्धी स्वास्थ उपचारका सामग्रीहरू छन् |




यो सहयोग बेलायती सेनाको ‘मिलिटरी असेसमेन्ट टिम’ (म्याट) (Military Assessment Team (Nepal) (MAT (N)) र नेपाली सेना बीच कोभिड-१९ नियन्त्रण र दुई सेनाबीचको सम्बन्ध अझ अनुकुल बनाउँदै लैजाने विषयहरूमा भएको अन्तरक्रियापछिको पछिल्लो श्रंखला हो |

## बलिदानलाई सम्मान - रिमेम्ब्रेन्स सर्भिस २०२१

सन् १९१८ मा पहिलो विश्व युद्धको अन्त्यको स्मरण गर्दै सबै युद्ध र 'लाइन अफ ड्युटी' मा ज्यान गुमाएकाहरूका नाममा सम्मान गर्दै मनाउने गरेको रिमेम्ब्रेन्स सर्भिस 'Remembrance Service' बि.जी.एन काठमाडौं, पोखरा र धरान तीनै स्थानमा यस वर्ष १४ नभेम्बरको दिन आयोजना गरियो | महासेनानी पल स्मिथ, कमाण्डर बि.जी.एन; प्रमुख सेनानी साइमन टाउनसेन्ड, उप-कमाण्डर बि.जी.एन; सेनानी रन्जनकुमार बदगामी, गोर्खा मेजर बि.जी.एन; सेनानी नरेन्द्रकुमार गुरुङ्ग, उप-स्टाफ प्रमुख बि.जी.एन र शिशिर कुमार पाण्डे, एच.आर प्रमुख ले कार्यक्रममा गोर्खा शालिकमा माल्यार्पण गर्नुभएको थियो |



नेपाल स्थित भूतपूर्व गोर्खा सैनिक समुदायको प्रतिनिधि संस्था रेजिमेन्टल असोसिएसन नेपाल (Regimental Association Nepal (RAN)) को तर्फबाट सेनानी (भू.पू) सुर्जे बहादुर थापाले शालिकमा माल्यार्पण गर्नुभयो | समारोहमा दुई मिनेटको मौन धारण गरिएको थियो | ब्रिटिश गोर्खा पोखराको कार्यक्रम सेनानी फिल ल्याम्बर्ट ओ.सी बि.जी.पी र उप-सेनानी गणेशकुमार गुरुङ्ग, २ आइ.सी द्वारा संचालन गरिएको थियो | यस्तै, काठमाडौं-स्थित् बेलायती दुतावासमा पनि रिमेम्ब्रेन्स सर्भिस आयोजना गरिएको थियो *(तल, दाँया)* |





## रेजिमेन्टल असोसिएसन नेपाल (Regimental Association Nepal (RAN))



रथी रिचर्ड वार्डलअ ओ.बि.इ, महासेनानी कमान्डेन्ट ब्रिगेड अफ गोर्खा; महासेनानी पल स्मिथ, रक्षा सहचारी तथा कमाण्डर बि.जी.एन; महासेनानी डेभिड रबिन्सन, महासेनानी ब्रिगेड अफ गोर्खा लगायत बि.जी.एन अफिसरहरूका साथमा रेजिमेन्टल असोसिएसन नेपाल (Regimental Association Nepal (RAN)) का पदाधिकारी तथा सदस्य साहेबहरू | *तस्वीर: २० फेब्रुअरी, बि.जी.एन काठमाडौं*

## बि.जी.एन हेल्थ फेयर '२२

मेडिकल सेन्टर बि.जी.एन द्वारा १४ जनवरी २०२२ मा बि.जी.एन हेल्थ फेयर '२२ आयोजना गरियो | विभिन्न स्वास्थ संस्था र बि.जी.एन कै विभागहरूद्वारा संचालन गरिएको स्वास्थ र सुरक्षा सम्बन्धी परामर्श र प्रारम्भिक जाँचहरूमा बि.जी.एन का सैनिक, परिवारजन तथा गैर-सैनिक कर्मचारीहरूले सहभागी भएर लाभ लिएका थिए |

बि.जी.एन मेडिकल सेन्टर:

महासेनानी ब्रुस बेकर (एस.एम.ओ (SMO)) ; बीर बहादुर थापा (एस.एम.सी.ए (SMCA)) ; भानु सुनुवार (अस्पताल समन्वय अधिकृत) ; सलिना तामाङ (नर्स) ; गितान्जली पता मगर (पेशा प्रबन्धक) ; नेहा थापा (रिशेप्सनिस्ट)





# स्वागत तथा बिदाई

**बिदाई:**

सेनानी क्याथलिन कुपर (एस.एम.ओ, मेडिकल सेन्टर)
थोमस हावर्ड (गैर-सैनिक सचिव)

**स्वागत:**

महासेनानी ब्रुस बेकर (एस.एम.ओ, मेडिकल सेन्टर)
उप-सेनानी ललित गुरुङ्ग (ओ.सि. एन.एस.टि)
केर्री बरोस (गैर-सैनिक सचिव)
डब्लु.ओ.टु (RAWO) लोक बहादुर जिरेल
एस.सार्जेन्ट राम लिम्बु (मास्टर शेफ)



## गैर-सैनिक सचिव टम हावर्डलाई बिदाई



ब्रिटिश गोर्खा नेपालका गैर-सैनिक समुदायले आफ्नो ५ वर्षको कार्यकाल सकाएर बेलायत फर्कन लागेका गैर-सैनिक सचिव (सिभिल सेक्रटरी) टम हावर्डलाई ०६ डिसेम्बर २०२१ मा बिदाई गर्यो | बि.जी.एन र यहाँका कर्मचारीप्रति आफ्नो स्नेहकै कारण उनले आफ्नो वास्तविक कार्यकाल अवधि विस्तार गर्दै ५ वर्ष नेपालमा सेवारत रहेका थिए | कुनै महत्त्वपूर्ण विषयहरूमा बि.जी.एन का गैर-सैनिक कर्मचारीहरूको कल्याण र विकासको लागि उनले लिएको कदम बि.जी.एन मा उनको नामसँगको सम्झनामा रहने छ |

## ब्रिगेड अफ गोर्खाका कर्णेल कमान्डेन्ट तथा गोर्खा वेल्फेयर ट्रष्ट (GWT) का अध्यक्ष लेफ्टिनेन्ट जनरल रिचर्ड वार्डलअ ओ.बि.इ (OBE) वेलफेयर नेपालका कार्यक्रममा सरीक

**- गोर्खा वेलफेयर ट्रष्ट (जी.डब्लु.टि (GWT))**



ब्रिगेड अफ गोर्खाका कर्णेल कमान्डेन्ट तथा गोर्खा वेल्फेयर ट्रष्ट(GWT) का अध्यक्ष लेफ्टिनेन्ट जनरल रिचर्ड वार्डलअ OBE ले हालै गर्नु भएको नेपाल भ्रमणको क्रममा लम्जुङ्ग जिल्लाको बन्सार गाँउमा ७१ वर्षीय कालु गुरुङलाई नवनिर्मित भूकम्प प्रतिरोधि घर हस्तान्तरण गर्नुभयो । कालु गुरुङ, ४/२ गोर्खा राइफल्सका दिवंगत राइफलम्यान पदमबहादुर गुरुङका छोरा हुन् । कालुमा सुन्ने र बोल्ने क्षमताको कमी छ र उनका आमाबुवा दुवैको मृत्यु पछि उनलाई GWT ले मासिक अपाङ्गता सहायता अनुदान (Disability Support Grant) उपलब्ध गराएर सहयोग गर्दै आइरहेको छ । पुरानो घर असुरक्षित र बाढी, पहिरो र भूकम्प जस्ता प्राकृतिक प्रकोपको जोखिममा परेकाले GWT ले कालुका लागि नयाँ भूकम्प प्रतिरोधि घर बनाइदिएको हो ।



GWT ले नेपालमा आफ्ना १९ वटा AWC (Area Welfare Centre) हरूमा रहेका करिब ५०० कमचारीहरू मार्फत मेडिकल सेन्टरहरूमा र आवश्यकता अनुसार पेन्सनरहरूको घरमै गएर प्राथमिक स्वास्थ्य सेवा पुर्याइरहेको छ । पछिल्लो नेपाल भ्रमणको क्रममा अध्यक्षले काठमाडौं, पोखरा, लम्जुङ्ग र गोरखामा रहेका AWC हरूको अवलोकन भ्रमण र पोखरा-स्थित AWC मा हालै सञ्चालनमा ल्याएको फिजियोथेरापी युनिटको उद्घाटन पनि गर्नुभएको थियो । अधिकांश पेन्सनरहरूको ढल्कदौं उमेर तथा यस किसिमको सेवाको आवश्यकतालाई मध्यनजर गरेर GWT ले फिजियोथेरापी सेवाको विस्तार गरेको हो ।

ट्रष्टले दुई आवास गृहहरू, धरान र पोखरामा, पनि सञ्चालन गर्दै आइरहेको छ । एकल जीवन बिताइरहेका वेल्फेयर पेन्सनरहरूको आवश्यकता हेरेर वहाँहरूलाई आवास गृहमा राखि चौबीसै घण्टा हेरचाहको सुविधा दिइन्छ । प्रत्येक गृहमा एक पटकमा २२ जनालाई आवास दिन सक्ने क्षमता छ भने थप ४/४ जना अति कमजोर बिरामीहरूलाई अस्थायी रुपमा भर्ना गराई विशेष हेरचाह, खानपिन, स्वास्थ्य तथा फिजियोथेरापी सेवा दिएर निको भए पश्चात पुनः आफ्नो घर फर्कन सक्ने सुविधा ती आवास गृहहरूले दिइरहेको छ ।

नयाँ भूकम्प प्रतिरोधि घर पाएका कालु गुरुङ आफ्नो उमेर र शारीरिक अवस्थाका कारण कमजोर र अशक्त भएका थिए । केही सुधार गर्न सकिन्छ की भनेर सन् २०२१ को मे महिनामा वहाँलाई पोखरा-स्थित आवास गृहमा ल्याइएको थियो । ४ महिनाको हेरचाह र आफ्नो पोषण, सरसफाई, व्यायाम र फिजियोथेरापीमा ध्यान दिएपछि उनी आफैं उभिन र हिँड्न सक्षम भए । आवास गृहबाट डिस्चार्ज भएपछि उनी आफ्नै गाँउ र परिवार नजिक नयाँ घरमा खुशीका साथ बसिरहेका छन् ।

## बि.जी.एन विविध

महामहिम नेपालका लागि बेलायती राजदूत निकोला पोलिटद्वारा ०२ डिसेम्बर २०२१ मा उद्घाटन भएपछि गोर्खा वेलफेयर ट्रष्टद्वारा संचालित 'एरिया वेलफेयर सेन्टर' (Area Welfare Centre (AWC)) मध्ये नयाँ दार्जिलिंङ शाखा AWC Darjeeling संचालनमा आएको छ। *(दाँया)*






भारतीय रक्षा सहचारी महासेनानी अमित शर्मा ३० नभेम्बर २०२१ मा ब्रिटिश गोर्खा नेपाल, काठमाडौंमा *(माथि)*



बेलायतका लागि नवनियुक्त नेपाली राजदूत ज्ञान चन्द्र आचार्य र महासेनानी पल स्मिथ, कमाण्डर बि.जी.एन बीच ०५ फेब्रुअरी २०२२ मा बि.जी.एन काठमाडौंमा भेटघाट तथा छलफल भएको थियो। *(दाँया)*

'ब्याण्ड अफ द ब्रिगेड अफ गोर्खा' को रेक्रुट इन्टेक २२ अन्तर्गत प्रमाणीकरण परेडमा प्रस्तुति। यस नेपाल भ्रमणमा ब्रिगेड ब्याण्डले शिवरात्री/नेपाली सेना दिवस, बेलायती दुतावासमा आयोजित आर.एम.ए.एस (RMAS) ' अलुम्नाइ' (पूर्व विधार्थी) हरूको कार्यक्रम लगायतमा प्रस्तुती गरेका थिए। *(दाँया)*





अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा मार्च ०८ मा बि.जी.एन महिला समितिद्वारा 'आइ एम बेलमाया' (I AM BELMAYA) नामक वृत्तचित्रको स्क्रीनीङ गरियो। चुनैतीपूर्ण अवस्थामा एक साहसी महिलाको कथाको प्रदर्शनमा मुख्य पात्र तथा फिल्ममेकर बेलमाया नेपाली र निर्देशक सु कार्पेन्टर पनि उपस्थित भइ दर्शकसँग अन्तरक्रिया गरेका थिए। *(बाँया)*

## सम्पर्क विवरणहरू:

**गोर्खा सेटलमेन्ट अफिस (जि.एस.ओ)**
गोर्खा सेटलमेन्ट अफिस (जि.एस.ओ)
ब्रिटिश गोर्खा नेपाल, मुख्यालय
मानभवन, ललितपुर
फोन नम्बर :
१ ४२३५३२६, ४२३५३२७, ४२३५३२९
इ-मेल आइ.डी:
dpmgso@bgn.com.np

**पेन्सन पेमेन्ट अफिस**
पेन्सन पेमेन्ट अफिस, काठमाडौं
स्टानडर्ड चारटर्ड बैंक
लाजिम्पाट, काठमाडौं
फोन नम्बर: ००९७७ १ ४४१५०४४
इ-मेल आइ.डी:
ppoktm@bgn.com.np

**रेकर्ड अफिस**
ब्रिटिश गोर्खा नेपाल, पोखरा
फोन नम्बर:
०६१-५६७२८०
इ-मेल आइ.डी:
records@bgp.com.np
BGN-RecordsOfficeGroupMailbox@mod.gov.uk

**BFBS Gurkha**
C/O Headquarters
British Gurkhas Nepal

**मुख्यालय, ब्रिटिश गोर्खा नेपाल**
मानभवन ,ललितपुर
बि एफ पी ओ ४
नेपाल

**Headquarters, BRITISH GURKHAS NEPAL**
Manbhawan, Lalitpur
British Forces Post Office 4
Nepal

**अपरेशनमा नी:शुल्क वेलफेयर पार्सल पठाउन सकिने बारे सूचना**
अपरेशनमा परिचालित सेवारत सिपाहीहरूलाई परिवार सदस्यहरूले बि.जी.एन मुख्यालय, काठमाडौंबाट सानो वेलफेयर पार्सल (अधिकतम् २ कीलो; करीब A4 पेपर साइजको; अचार जस्ता नष्ट हुने खालका खाद्य पदार्थ, सुर्तीजन्य पदार्थ र घ्यू जस्ता एफ.पी.ओ. द्वारा निषेधित सामान नसमेटी ) नी:शुल्क पठाउन सक्नेछन् |

**Notice on Sending Welfare Parcels to Personnel in Operations**
Family members of serving personnel deployed on Operations are eligible to post small welfare parcels (maximum 2 k.g; size roughly A4 size paper; not including items restricted by FPO like perishable food like chutney/pickle, tobacco products, ghee etc.) for free from BGN HQ, Kathmandu.

**Contact: BGN FPO, Ph. 01-4235236; e-mail: BGN-SNCO-FPO-GrouMail@mod.gov.uk**

जरूरी सूचना र सम्पर्कमा रहनको लागि ब्रिटिश गोर्खा नेपालको फेसबुक पेज लाइक र फलो गर्नुहोला
For important updates and to stay in touch, like and follow British Gurkhas Nepal's Facebook page
British Gurkhas Nepal @BritishGurkhasNepal
https://www.facebook.com/BritishGurkhasNepal/

https://www.army.mod.uk/who-we-are/corps-regiments-and-units/brigade-of-gurkhas/british-gurkhas-nepal/

**Headquarters, British Gurkhas Nepal Points of Contact:**

Maj Ranjankumar Badgami
| Gurkha Major | Media Officer |

Gaurav Chandra Gurung
| Communications Officer |
GauravChandra.Gurung125@mod.gov.uk